# गौरीशंकर गाउँपालिका

**Gaurishankar Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

सुरी,दोलखा / Suri, Dolakha

बागमती प्रदेश,नेपाल / Bagmati Province, Nepal

पत्र संख्या / Ref. no : ०८२।८३

च.न. / Dispatch No :

मितिः २०८२।११।२७

**न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धि सूचना !!!**

रोजगारीको हक सम्बन्धि ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली २०७५ (दोश्रो संशोधन) नियम ७ तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को परिच्छेद ४ को १७ बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ का लागि न्युनतम रोजगारीमा संलग्न हुन ईच्छुक गाउँपालिका भित्रका स्थाई बसोबास गर्ने बेरोजगार व्यक्तिहरुले **२०८२ चैत्र २६** गते सम्ममा तपशिलमा उल्लेखित कागजात संलग्न गरि आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा गई निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**फाराम भर्न आवश्यक संलग्न कागजात र मापदण्ड**

१) निवेदकको नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि — १ प्रति

२) निवेदकको पासपोर्ट साइजको फोटो — १ प्रति

३) निवेदन दिने व्यक्तिको एकाघर परिवारका सबै सदस्यहरुको पारिवारिक विवरण जसमा नागरीकता नम्बर नागरिकता जारी मिति, जन्म मिति र जिल्ला सहितको विवरण।

४) बसाँइसराइ गरी आएको भए बसाँइसराइको प्रमाण पत्र

५) निवेदकले यदी कुनै तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि

६)१८ (अठार) वर्ष देखि ५९ (उनान्साठी) वर्ष उमेर समुहको

७) निवेदन दिदाको मितिसम्म सोही आर्थिक वर्षमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नभएको।

***नोट - बेरोजगार दर्ताका लागि दिने निवेदन फाराम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ वा यस सूचना संगै राखिएको फारम डाउनलोड गरेर आवश्यक विवरण भरी सम्बन्धित वडा कार्यालयमा बुझाउन सकिनेछ। निवेदन दिँदा फारममा उल्लेख भएका विवरणहरु पुर्ण रुपमा उल्लेख नगरिएमा वा तोकिएको आवश्यक कागजातहरु पेश नगरेमा त्यस्ता निवेदनहरु रद्ध गरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।***

रिजेश उपरकोटी
प्रमुख प्रशासकिय अधिकृत

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत